**महालेखापरीक्षकको कार्यालय**
Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

च.न.:–

मितिः– २०७०।१२।७

**विषयः– आर्थिक वर्ष २०६९।७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारी,
जिल्ला विकास समितिको कार्यालय, पाँचथर ।

१. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०६९।७० को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७०।९।११ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी २०७०।९।१२ मा प्रारम्भिक प्रतिवेदन पठाइएकोमा मिति २०७०।१०।९ मा कार्यालयबाट प्राप्त जवाफ समेतका आधारमा कायम भएका व्यहोराहरु समावेश गरी अन्तिम प्रतिवेदन प्रेषित गरिएको छ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित सो प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।

४. **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

५. **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०६९।७० का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।

६. **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, स्थलगत अवलोकन, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।

लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

७. **कार्यालयको जिम्मेवार पदाधिकारी**

**कार्यालय प्रमुख** – स्थानीय विकास अधिकारी, श्री प्रदीप कुमार निरौला

**लेखा प्रमुख** – लेखापाल, श्री हिमाल पौडेल

८. **आय–व्यय सारांस –** (विस्तृत विवरण अनुसूची–१ मा संलग्न छ ।)

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको विनियोजन | आन्तरिक आय | अन्य | जम्मा | विनियोजनबाट खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| १५५७७ | २००९४१ | १६९१७ | ३६६९५ | २७०१३० | २००९४१ | ४८४८० | २४९४२१ | २०७०९ |

९. **बेरुजूको व्यहोराहरुको अवस्था**

| प्रारम्भिक प्रतिवेदन | | | जवाफबाट हटेको | | | जवाफ समेतका आधारमा कायम बेरुजू | | | बेरुजू बर्गीकरण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | असुल गर्नुपर्ने | अनियमित | पेश्की | | |
| | | | | | | | | | | | कर्मचारी | अन्य | जम्मा |
| २३ | ६ | १५७९२ | | | | २३ | ६ | १५७९२ | ५७३ | १५८ | ४२ | १५०१९ | १५०६१ |

१०. **बेरुजू फछ्र्यौट र सम्परीक्षण –** कार्यालयबाट पेश भएका गत विगतका बेरुजूमध्ये कार्यालयबाट फछ्र्यौट भई सम्परीक्षणका लागि पेश भएको रु.१ करोड ४४ लाख १५ हजारमा रु.१ करोड ४४ लाख १५ हजार नै लगत कट्टा गरी फछ्र्यौटको जानकारी पठाइएको छ । साथै यो वर्षको मिति २०७०।९।१२ उपलव्ध गराइएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित फछ्र्यौट गर्न बाँकी व्यहोराका सम्बन्धमा समेत ऐन नियममा भएका व्यवस्था बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

११. **लेखापरीरक्षण** :- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०३ मा अधिकार प्राप्त अधिकारीले आन्तरिक लेखापरीक्षण गराएर लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । आय-व्यय विवरणमा समावेश भएको युनिसेफ (डकाव) कार्यक्रमको लागि प्राप्त रकम गत वर्षको जिम्मेवारी समेत रु २८६२७१८१/- मध्ये रु २८०८५५०२/- खर्च देखाएकोमा निम्नानुसार विषयगत शाखा कार्यालयलाई निकासा दिएको रकम रु २१०७७४६१/- आय-व्यय विवरणको खर्चमा समावेश भएकोमा श्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

| कार्यालयको नाम | निकासा रकम |
|---|---|
| जिल्ला स्वास्थ्य कार्यालय पाँचथर | ११३६४८५/- |
| महिला विकास कार्यालय ,, | ७३४३३९०/- |
| जिल्ला खानेपानी कार्यालय ,, | १०४३७३८४/- |
| जिल्ला शिक्षा कार्यालय ,, | १६२५३४०/- |
| जिल्ला वाल कल्याण समिति | ५३४८६२/- |
| जम्मा: | २१०७७४६१/- |

विषयगत शाखा कार्यालयलाई निकासा गएको रकमको सम्बन्धित कार्यालयमा स्रेस्ता रहने र उक्त कार्यालयले लेखापरीक्षण गराउने भएको कारणले लेखापरीक्षण नगराएको देखिन्छ । जिल्ला वाल कल्याण समिति बाहेक अन्य विषयगत कार्यालयहरुको लेखापरीक्षण म.ले.प. डोरबाट गराएकोले बाँकी कार्यालयको समेत लेखापरीक्षण हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** सम्वन्धित कार्यालयवाटै लेखापरीक्षण हुने र वालकल्याण समितिको लेखापरीक्षण हुन वाँकी भएको जवाफ प्राप्त भएको छ ।

१२. **पेश्की जिम्मेवारी -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा काम काजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुन वाँकी रहेको पेश्की रकमको नाम नामेसि सहित खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार कोष तर्फ गतवर्षको जिम्मेवारी रु ५५३४४१४/- वाँकी देखाएकोमा आर्थिक वर्षको अन्त्य सम्म रु १३२३३३७/- फछ्र्यौट गरी रु ४२११०७७/- वाँकी देखाएको छ । यो आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वाँकी रहेको रु २२८८००/- समेत रु ४४३९८७७/- पेश्की वाँकी देखिन्छ । आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभइ वाँकी रहेको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ । यो आर्थिक वर्षमा फछ्र्यौट नभई वाँकी रहेको पेश्की निम्नानुसार रहेको देखिएको छ।

| शीर्षक | पेश्की गएको मिति | पेश्की लिनेको नाम | वाँकी रकम |
|---|---|---|---|
| युनिसेफ कार्यक्रम | २०६९/५/३ | ना.सु. दुर्गा प्रसाद तिम्सिना | ४२४००/- |
| | २०६९/६/५ | नेपाल रेडक्रस सोसाइटी | ८००००/- |
| | २०६९/५/१५ | नेपाल जनउद्धार संघ | ५६४००/- |
| ३६५८०१३ जि.वि.स. अनुदान | २०७०/३/१२ | कर्मचारी मिलन केन्द्र | ५००००/- |
| जम्मा | | | २२८८००/- |

पेश्की फछ्र्यौट नहुनुमा फाँटवारी प्राप्त नभएको कारणले वाँकी रहेको देखिन्छ । पेश्की वाँकी रहँदा आर्थिक कारोवारमा असर पर्न जने देखिन्छ । फछ्र्यौट नभई वाँकी रहेको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** फछ्र्यौटको लागि कारवाही अगाडी वढाउने जवाफ प्राप्त भएको छ ।

**१३.** **सामाजिक परिक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ मा स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक परीक्षण गराउने गरेको देखिएन । सामाजिक परीक्षण नगराउनुको प्रमुख कारण साना साना कार्यक्रमहरु धेरै हुनु रहेको छ । समाजिक परीक्षण नहुँदा एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको मूल्याङ्कन तथा विश्लेषण नहुने देखिन्छ । नियममा भएको व्यवस्थाको कार्यान्वयन गरी सामाजिक परीक्षण हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** आगामी आ.व. देखि तोकिएको समयमा सम्पन्न गरिने जवाफ प्राप्त भएको छ ।

१४. **सम्पत्तिको अभिलेख -** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८ मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकाय लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अध्यावधिक विवरण रोड इन्भन्टरी तयार गरी राख्नुपर्ने र सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १४९ मा प्रत्येक भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने र भौतिक अभिलेख राख्दा पचास लाख रुपैंया भन्दा बढी मूल्यको सम्पत्तिको लागत मूल्य, ह्रासकट्टी र मर्मत संभार सहितको विवरण खुलाउनुपर्ने व्यवस्था छ । कार्यालयले सडकहरुको नक्साङ्कन एवं अध्यावधिक विवरण लगायत प्रत्येक भौतिक सम्पत्तिको अभिलेख राखेको देखिएन । भौतिक सम्पत्तिको अभिलेख नराख्नुको कारणमा अभिलेख राख्ने प्रणालीमा तदारुकता नदेखाएको देखिन्छ । भौतिक सम्पत्तिको अभिलेख नराख्दा आफ्नो क्षेत्राधिकार भित्र रहेका सम्पत्ति कति छन् र कस्तो अवस्थामा के भइरहेका छन् मूल्याङ्कन तथा विश्लेषण हुन सकिने आधार देखिँदैन । कार्यविधि र नियममा भएको व्यवस्थाको कार्यान्वयन गरी भौतिक सम्पत्तिको अभिलेख हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** चालू आ.वा. मा सम्पूर्ण सम्पतिहरुको अद्यावधिक गरि राखिने जवाफ प्राप्त भएको छ ।

१५. **परिषदको निर्णयमा नपरेका योजना -** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३(१) (झ) मा स्थानीय निकायको परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाइने व्यवस्था छ । निम्न आयोजनाहरु

आर्थिक वर्ष २०६९/७० को लागि जिल्ला परिषदको निर्णयमा समावेश नगरी रु १ करोड ३ लाख वरावरका आयोजनाहरु संचालन गरी खर्च गरेको देखियो ।

| व.शी.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| ३६५८०८३ | यासोक सावासेरा दोभान सडक | ५००,०००/- |
| | धोत्रे भञ्याङ-देवाटे आङसराङ सडक फाक्तेप गा.वि.स. | ८००,०००/- |
| ३६५८१२३ | गोरुवाले तिम्बुपोखरी पर्यटकीय सडक | १०,००,०००/- |
| | भारापा सल्लेरी सुभाङ-९ मालवासे सडक | १०,००,०००/- |
| | किराँत हाङ्गसाम थोपिचङमा पोखरी निर्माण | ५००,०००/- |
| | चिलिङदिन ८ देखि १ सङसेरे सिँचाई कुलो | ७०००००/- |
| | समेवा सुभाङ पंचमी अमरपुर सडक | ६००,०००/- |
| | थिडिङ याङलान सडक | ६००,०००/- |
| | कलेश्वरी नि.मा.वि. आङना | ५००,०००/- |
| | जोरपोखरी सिद्व नि.मा.वि. सालविसाउनी सडक | ६००,०००/- |
| | इम्बुङ ९ बाट नवमीडाँडा ७ ग्रामीण सडक | ७००,०००/- |
| | लुम्फावुङ- नवमीडाँडा सडक | ४००,०००/- |
| ३६५०१६३ | साना सिँचाई कार्यक्रम - | ८००,०००/- |
| | फोहोरमैला पूर्वाधार व्यवस्थापन कार्यक्रम | ५००,०००/- |
| | आवास भवन तथा सहरी विकास कार्यक्रम | ५००,०००/- |
| ३६५८०४३ | चुनियावा खानेपानी तथा सरसफाई आयोजना मर्मत | ५००,०००/- |
| | जम्मा | १,०३,००,०००/- |


| व.शी.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| ३६५८०८३ | यासोक सावासेरा दोभान सडक | ५००,०००/- |
| | धोत्रे भञ्याङ-देवाटे आङसराङ सडक फाक्तेप गा.वि.स. | ८००,०००/- |
| ३६५८१२३ | गोरुवाले तिम्बुपोखरी पर्यटकीय सडक | १०,००,०००/- |
| | भारापा सल्लेरी सुभाङ-९ मालवासे सडक | १०,००,०००/- |
| | किराँत हाङ्गसाम थोपिचङमा पोखरी निर्माण | ५००,०००/- |
| | चिलिङदिन ८ देखि १ सङसेरे सिँचाई कुलो | ७०००००/- |
| | समेवा सुभाङ पंचमी अमरपुर सडक | ६००,०००/- |
| | थिडिङ याङलान सडक | ६००,०००/- |
| | कलेश्वरी नि.मा.वि. आङना | ५००,०००/- |
| | जोरपोखरी सिद्व नि.मा.वि. सालविसाउनी सडक | ६००,०००/- |
| | इम्बुङ ९ बाट नवमीडाँडा ७ ग्रामीण सडक | ७००,०००/- |
| | लुम्फावुङ- नवमीडाँडा सडक | ४००,०००/- |
| ३६५०१६३ | साना सिँचाई कार्यक्रम - | ८००,०००/- |
| | फोहोरमैला पूर्वाधार व्यवस्थापन कार्यक्रम | ५००,०००/- |
| | आवास भवन तथा सहरी विकास कार्यक्रम | ५००,०००/- |
| ३६५८०४३ | चुनियावा खानेपानी तथा सरसफाई आयोजना मर्मत | ५००,०००/- |
| | जम्मा | १,०३,००,०००/- |


जिल्ला परिषदको निर्णयमा कार्यक्रम वा आयोजनाहरु समोवेश नहुनुमा केन्द्रबाट बजेट ढिला आएको र केन्द्रले योजना छनौट गरी पठाएको रहेको देखिन्छ । जिल्ला परिषदको निर्णय वेगर याजना छनौट गर्दा जिल्लाको आवश्यकता र प्राथमिकतामा नपरेका कम महत्व तथा कम प्राथमिकतामा परेका योजना संचालन हुन सक्ने देखिन्छ । ऐन र कार्यविधिमा भएवमोजिम जिल्ला भित्र संचालन हुने योजना जिल्ला परिषदले पारित गरिएको वार्षिक योजनामा समावेश गरेर संचालन हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** केन्द्र बाट वजेट वाँडफाँड भएको र जिल्ला परिषदवाट अनुमोदन भइसकेको जवाफ प्राप्त भएको छ ।

१६. **बजेट व्यवस्थापन -** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३(ज) मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट वाँडफाँड नगरी अवण्डको रुपमा एकमुष्ठ राख्न नपाइने व्यवस्था छ । आ.व. २०६९/७० को लागि परिषदबाट स्वीकृत भएको बजेट तथा कार्यक्रममा निम्नानुसार आयोजनागत वजेट वाँडफाँड नगरी एकमुष्ठ वजेट व्यवस्था गरेको देखिन्छ ।

| व.शी.नं. | कार्यक्रम | वजेट |
|---|---|---|
| जि.वि.स. कोष पूजी | सडक मर्मत संभार तथा निर्माण | २०,००,०००/- |
| जि.वि.स. अनुदान | सडक मर्मत संभार | १०,००,०००/- |
| ,, | लक्षित वर्ग विकास कार्यक्रम | १२,२८,८००/- |
| ,, | विपन्न वालवालिकाको विद्यालय र शैक्षिक सामग्री | १२,२८,८००/- |
| ,, | पिछडा वर्ग | १८,२३,२००/- |
| ,, | ग्रामीण विद्युतीकरण | २,००,०००/- |
| ,, | शैक्षिक पूर्वाधार निर्माण | १८,६७,३२०/- |
| ,, | गरिव सँग विश्वेश्वर | ७,२०,०००/- |
| ,, | कवाडी कर | ६७५०००/- |
| ९२४३१६३ | स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम | ९२७८,०००/- |
| | आदिवासी जनजाती उत्थान विकास कार्यक्रम | ३००,०००/- |
| | दलित वर्ग उत्थान कार्यक्रम | ४२५,०००/- |
| | वालवालिका तथा महिलाको लागि विकेन्द्रीत कार्यक्रम | ८०७२,०००/- |
| | कमर्सियल एग्रीकल्चर एलायन्स | ७०,००,०००/- |
| | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ५००,००,०००/- |
| ३६५८१२३ | जनसहभागितामा आधारित विकास कार्यक्रम | २०,००,०००/- |
| | केन्द्रीय स्तरका सडकहरु | ६०,००,०००/- |

गत विगत वर्षदेखि वजेट एकमुष्ठ राख्दै आएको र योजना छनौट गर्न नसकेको कारणले वजेट एकमुष्ठ राखेको देखियो । परिषदबाट वजेट परित गराउँदा योजनागत वजेट वाँडफाँड नगरी पछि वजेट वाँडफाँड गर्दा मागमा आधारित योजनागत वजेट वाँडफाँड नभई स्वविवेकी अधिकारको आधारमा वजेट वाँडफाँड हुनसक्ने देखिन्छ । परिषदबाट वजेट पारित गराउँदा वजेट एकमुष्ठ नराखी योजनागत वजेट वाँडफाँड हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** प्रस्तावित कार्यक्रममा तोकिएको प्रतिशतमा वजेट छुट्याई राख्ने गरिएको र संशोधित वजेटमा परिषद हुनुभन्दा अगावै वजेट वाँडवाँड गरि योजना कार्यान्वयन गरिएको जवाफ प्राप्त भएको छ ।

१७. **योजना छनौट-** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ११(ग) मा जि.वि.स. ले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नमिल्ने व्यवस्था छ । जि.वि.स. को आ.व. २०६९/७० को वार्षिक जिल्ला विकास योजनामा निम्नानुसारका ५ लाख भन्दा घटीका योजना छनौट गरेको देखियो ।

| कार्यक्रम | योजना संख्या | रकम |
|---|---|---|
| जि.वि.स. कोष | ४२ | ४२५०,०००/- |
| जि.वि.स. अनुदान | ३ | ७५०,०००/- |
| ग्रामिण खानेपानी | १ | १६०,०००/- |
| स्थानीय पूर्वाधार | ४ | १४४०,०००/- |

साना योजना छनौट गर्नुको प्रमुख कारणमा वजेट न्यून हुनु र धेरै याजनालाई समेट्न खोजिनु रहेको देखिन्छ । साना योजना छनौट गर्दा ठूला योजना सञ्चालन हुन नसकी अत्याधिक लाभ लिन सक्ने योजना छनौटमा असर पुग्ने देखिन्छ । कार्यविधिमा व्यवस्था भएअनुसार ५ लाख भन्दा बढीका ठूला योजना छनौट गरी सञ्चालन हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** निर्माणका योजनाहरुमा न्यूनत्तम रु ५ लाख विनियोजन हुने गरेको तर मरमत सम्वन्धी योजनाहरुमा लागत अनुमानका आधारमा हुने गरेको जवाफ प्राप्त भएको छ ।

१८. **वेरुजु लगत -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गा.वि.स. को वेरुजु लगत समय-समयमा निरिक्षण गरी वेरुजुको संपरिक्षण गरिदिने र असूल उपर गर्न वाँकी वेरुजुका सम्बन्धमा असुल उपर गर्न लगाउने व्यवस्था छ । कार्यालयले गा.वि.स.को वेरुजु लगत राख्ने र संपरीक्षण गराउने गरेको देखिएन । कार्यालयमा गा.वि.स.को वेरुजु लगत राखी संपरीक्षण गराउने कार्यलाई प्राथमिकता दिई कार्य गर्ने नगरेको कारणले यो कार्य नभएको देखियो । वेरुजुको लगत राखी संपरीक्षण नहुँदा वेरुजु रकम एकीन नहुनु र आर्थिक अनियमिततामा नियन्त्रण हुन नजाने देखिन्छ । नियममा व्यवस्था भएअनुसार प्रत्येक गा.वि.स. को वेरुजु लगत राखी संपरिक्षण गर्ने व्यवस्था हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** अव देखि लगत राखि सम्परीक्षण समेत गराउने जवाफ प्राप्त भएको छ ।

१९. **आन्तरिक लेखापरीक्षण -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ मा आय-व्यय र धरौटीको श्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्नुपर्ने र अन्तिम लेखापरिक्षण गर्नु अघि आ.ले.प. वाट औँल्याइएका वेरुजु र तत्सम्बन्धमा भएको कारवाही र शाखाको धाराणा अन्तिम लेखापरिक्षक समक्ष लिखित रुपमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आ.ले.प. मासिक रुपमा हुने नगरेको र शाखाको धाराणा लिखित रुपमा पेश भएको देखिएन । मासिक रुपमा लेखापरिक्षण नहुनुमा गत विगत वर्ष देखि हुदै नआउनु र जनशक्तिको कमीको कारण रहेको देखिन्छ । मासिक रुपमा आ.ले.प. नहुँदा आर्थिक अनुशासनमा असर पर्ने देखिन्छ । आर्थिक कारोवारलाई नियमित गराइराख्न मासिक रुपमा आ.ले.प हुनुपर्दछ ।

**कार्यालयको जवाफ –**आगामी वर्ष देखि मासिक रुपमा आ.ले.प गरिने जवाफ प्राप्त भएको छ ।

२०. **भत्ता-** स्थानीय स्वायत्त शासन ऐन , २०५५ को दफा २५०(३) मा स्थानीय निकायले आफ्नो श्रोत, साधन र प्रशासनिक वजेटको परिधि भित्र रही आफ्ना कर्मचारीहरुलाई स्थानीय भत्ता एवं अन्य थप सुविधा दिन सक्ने र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २५७ मा स्थानीय निकायमा कर्मचारीहरुले पाउने परिश्रमिक, भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारको निजामति कर्मचारीहरुले पाउने तलव, भत्ता र सुविधालाई आधार मान्नु पर्ने व्यवस्था छ । यो वर्ष निम्नानुसारको भत्ता दिएको देखिन्छ ।

| क्र.सं. | विवरण | वार्षिक खर्च |
|---|---|---|
| १ | प्राविधिकहरुको फिल्ड भत्ता | ३,७२,३६०/- |
| २ | खाजा तथा भत्ता | ६,४९,४६०/- |

भत्ता दिनुको प्रमुख कारण कर्मचारीहरुको उत्प्रेरणाको लागि रहेको देखिन्छ । नियममा व्यवस्था नभएको भत्ता प्रदान गर्दा व्ययभारमा असर पर्ने देखिन्छ । नियममा व्यवस्था नभएको भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ

**कार्यालयको जवाफ –** जिल्ला परिषदको निर्णयवाट उपलव्ध गराइएको जवाफ प्राप्त भएको छ ।

२१. **अग्रिम कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको श्रावण देदि आषाढ सम्मको कारोवारबाट कट्टा गरेको अग्रिम कर निम्नानुसार आ.व.को अन्त्यमा एकमुष्ठ दाखिला गरेकोले समयमा दाखिला गरेको देखिएन ।

| शिर्षक | दाखिला रकम | मिति |
|---|---|---|
| अग्रिम आयकर | १७४६५३/- | २०७०/०३/२८ |
| वहाल कर | १०९९८/- | २०७०/०३/२८ |
| पारिश्रमिक कर | ६४१३६/- | २०७०/०३/२८ |
| अग्रिम आयकर | २६०७९/- | २०७०/०३/१८ |
| ,, | ३९९६३/- | २०७०/०२/१२ |
| पारिश्रमिक कर | १२६४७/- | २०७०/०२/१२ |

| | | |
|---|---|---|
| ,, | १३०३१/- | २०७०/०३/१६ |
| अग्रिम आयकर | २६०१८/- | २०७०/०३/१६ |

एकमुष्ठ अग्रिम कर दाखिला गर्नुको प्रमुख कारणमा सानो-सानो रकम भएकोले एकमुष्ठ दाखिला गरेको कार्यालयको भनाई रहेको छ । समयमा कर दाखिला नहुँदा राजश्व आम्दानीमा असर पर्न जाने देखिन्छ । ऐनमा व्यवस्था भएअनुसार अग्रिम कर कट्टी भएको रकम तोकिएको समयमा दाखिला हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** आगामी दिनमा समयमा दाखिला गरिने जवाफ प्राप्त भएको छ ।

२२. **मौजदात रकम -** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा नेपाल सरकारबाट निकासा भएको सबै रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगाडि आर्थिक कारोवार वन्द गरी बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो जि.वि.स. ले गा.वि.स.को अन्तिम लेखापरिक्षकको नियुक्ति पत्रमा नेपाल सरकारको अनुदान रकम बचत रहेमा फ्रिज गर्नुपर्ने भनि औंल्याउनुपर्ने उल्लेख भएको र लेखापरिक्षकले जारी गरेको अन्तिम प्रतिवेदनमा समेत रकम बचत रहेमा राजश्वमा दाखिला हुनुपर्ने गरी औंल्याइएको देखिन्छ । आर्थिक वर्ष २०६८/०६९ मा बचत रहेको रकम आर्थिक वर्ष २०६९/७० मा १२ वटा गा.वि.स.ले रु १६,७५,७८१/- राजश्वमा दाखिला गरेको देखियो । नेपाल सरकारबाट निकासा भएको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बचत रहेको रकम फिर्ता गरी राजश्व दाखिला गरेको देखिएकोले नियम तथा कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन भएको पाइयो । बचत रकम फ्रिज गरी राजश्व दाखिला गर्न बाँकी रहेका गा.वि.स. हरुलाई समेत फिर्ता गरी राजश्व दाखिला गर्न लगाई नियममा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपद)छ ।

**कार्यालयको जवाफ –**मौज्दात बाँकी रहेका गा.वि.सहरुको समेत राजस्व दाखिला गराइने जवाफ प्राप्त भएको छ ।

२३. **अनुगमन तथा सुपरिवेक्षण -** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ मा जिल्ला स्तरीय आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्न जिल्ला विकास समिति र ऐनको दफा २१० बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समितिमा प्रतिवेदन दिन जि.वि.स. ले एक सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्ने र समितिले प्रत्येक महिना प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट यस्तो समिति गठन गरी प्रतिवेदन तयार गरेको देखिएन । आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण तथा अनुगमन नगर्नुको प्रमुख कारणमा नियमलाई पालना नगरेको देखिन्छ । आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण तथा अनुगमन नगर्दा आयोजना संचालनको प्रभावकारीतामा असर पर्ने देखिन्छ । आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि नियममा व्यवस्था भएअनुसार नियमित अनुगमन तथा सुपरिवेक्षण गरि प्रतिवेदन गर्नुपर्दछ ।

**कार्यालयको जवाफ –** आगामी दिनमा सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी कार्यान्वयन गर्ने गराउने जवाफ प्राप्त भएको छ ।

२४. **उपभोक्ता समिति परिचालन-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(२) मा उपभोक्ता समितिद्वारा काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने, उपनियम (३) मा उपभोक्ता समितिले प्रस्ताव पेश गर्दा लाभग्राही परिवारको सूची, योजनाको आवश्यकता र योजना संचालनमा दिनसक्ने योगदानको विवरण सहितको माइन्युट पेश गर्नुपर्ने, उपनियम ५(झ) मा बढी जटिल प्राविधिक पक्षसमेत समावेश भएको र मेशीनरी बढी प्रयोग हुने काम बाहेक श्रम प्रधान प्रविधि अभनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने र उपनियम ५(ज) मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो जिल्ला विकास समितिले उपभोक्ता मार्फत कार्य गराउँदा उपभोक्ता समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गरेको पाईदैन, उपभोक्ता समितिबाट प्रस्ताव लिने र प्रस्तावमा खुलाउनुपर्ने विषयहरु खुलाउने नगरेको, सडक निर्माण जस्ता जटिल प्राविधिक पक्ष समावेश भएको निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको र एउटै सडक निर्माणको कार्यमा उपभोक्ता समिति लगायत निर्माण व्यवसायीद्वारा समेत निर्माण कार्य हुनेहुँदा सडक निर्माण कार्य उपभोक्ता

समितिलाई हस्तान्तरण योग्य नभएको र हालसम्म हस्तान्तरण भएको समेत नदेखिँदा सडक निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराउन नमिल्ने कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । उपभोक्ता समिति मार्फत गराएका सडक निर्माणका केही उदाहरण निम्न छ ।

| व.उ.शी.नं. | भौ.नं. | मिति | सडकको नाम | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|
| ३६५८०८३ | ४८ | २०७०।३।२५ | धोत्रेखोला नागेम्वा प्रा.वि. सडक | ९५७५०२।५७ |
| मर्मत संभार कोष | ३ | २०६९।९।२२ | फिदिम नागिन याङनाम सिदिन | २६३१९३।- |
| ३६५८०८३ | ४६ | २०७०।३।२५ | पौवाभञ्याङ लुङरुपा नागिन वतासे | २६७७४४।- |
| ३६५८०८३ | २४ | २०७०।३।३ | फिदिम रानीटार लुङरुपा गोरुवाले | ४६११७४।- |
| ३६५८१२३ | १७ | २०७०।३।१७ | गोरुवाले तिम्बु पोखरी पर्यटकीय सडक | ११३१४८९।५८ |

सडक निर्माण समेतको कार्य उपभोक्ता समिति मार्फत गराउनुको प्रमुख कारणमा उपभोक्ता समितिको माग भएका कारण देखिन्छ । जटिल प्राविधिक पक्ष समावेश भएका मेशीनरी बढी प्रयोग हुने सडक उपभोक्ता समिति मार्फत गराउँदा लागत, श्रम समय र गुणस्तरमा असर पर्ने देखिन्छ । नियममा व्यवस्था भएअनुसार उपभोक्ता समिति मार्फत कार्य गराउँदा विषयगत रुपमा वर्गिकरण र सूचिकृत गरी उपभोक्तासँग प्रस्ताव लिई प्रस्तावमा खुलाउनुपर्ने विषयहरु खुलाउनु पर्दछ र जटिल प्रविधिक पक्षसमेत समावेश भएको र मेशिनरी वढी प्रयोगहुने सडक निर्माणका कार्यहरु उपभोक्ता समितिले मार्फत गराउन मिल्ने देखिदैन ।

**कार्यालयको जवाफ –** रु ३५ लाख सम्मका लागत अनुमान भएका योजनाहरु स्थानिय उपभोक्तद्वरा गराउने प्रथामिकता दिने व्यवस्था भए अनुसार गरिएको जवाफ प्राप्त भएको छ ।

२५. **मर्मत संभार कोष** – ३/२०६९/९/२२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५१५र्च मा उपभोक्ता समितिले पाएको काम ठेक्केदारवाट गराउन नमिल्ने व्यवस्था छ ।

**फिदिम-नागिन-याङनाम-सिदिन** कृषि सडक मर्मत कार्यको लागत अनुमान रु २५०,२७८/- को निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता समितिले अधिकारी निर्माण सेवासँग सम्झौता गरी रु २०२,५००/- को विल संलग्न गरी जि.वि.स. वाट रु २००,०००/- भूक्तानी दिएकोले नियमानुसार भएको देखिएन । नियममा भएको व्यवस्थाको पालना नभएको कारणले उपभोक्ताबाट कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्थाको कार्यान्वयन नहुँदा नियम कार्यान्वयनमा असर परेको देखियो। नियम विपरीत खचं भएको रकम रु २००,०००/-नियमित भएको मान्न सकिन्न ।

**कार्यालयको जवाफ –** उपभोक्ता समितिले ठेकदारसँग संम्झौता नगरी मेशिन धनी सँग सम्झौता भएको जवाफ प्राप्त भएको छ ।

२६. **बढी भूत्तानी -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६४(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने व्यवस्था छ । निम्न कार्यहरुको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स भन्दा बढी दरमा लागत अनुमान तयार गरी लागत अनुमान बमोजिमको निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोमा उपभोक्ता समितिलाई बढी भूक्तानी भएको देखियो ।

| व.शी.नं. ३६५८०८३ तर्फ | | आइटम | परिमाण | नर्म्सअनुसार हुनेदर | भूक्तानी भएको दर | बढी दर | बढी रकम | जि.वि.स.ले व्यहोर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| भौ.नं. | निर्माण कार्य | | | | | | | |
| ४६/२०७०/३/२७ | पौवा भञ्ज्याङ लुङरुपा नागिन बतासे | नरम माटो खन्ने | ७७३.२४ घ.मि | १६९/९५ | २३७/९३ | ६७/९८ | ५२५६४/८६ | ४२०५१/८८ |
| ,, | ,, | कडा माटो खन्ने | १२५.६५ घ.मि. | २०३/९४ | २७१/९२ | ६७/९८ | ८५४१/६९ | ६८३३/३५ |
| २४/२०७०/३/३ | फिदिम रानीटार लुङरुपा गोरुवाले | पहिरो सफा गर्ने | १८४४.१८घ.मि. | १३५/९६ | २०३/९४ | ६७/९८ | १२३६७/३६ | १००२९३/८९ |
| ३१/२०७०/३/१२ | सरस्वती दशमी आङना लखुवा दोभान | ,, | ३३९.४५ घ.मि. | १३५/९६ | २०३/९४ | ६७/९८ | २३०७५/८१ | १८४६०/६५ |
| ३५/२०७०/३/१९ | फिदिम २ जोपिपल चोकमागु नवमीडाँडा | ,, | ३४२.७२ घ.मि. | १३५/९६ | २२०/९३ | ८४/९७ | २९१२०/९२ | २३२९६/७३ |
| ४८/२०७०/३/२५ | धोत्रेखोला नागम्वा प्रा.वि.आङसराङ | ,, | ५७२.१० घ.मि. | १३५/९६ | २२०/९३ | ८४/९७ | ४८६११/३४ | ३८८८९/- |
| व.शी.नं.३६५०१६३ | | | | | | | | |
| भौ.नं. | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८/२०७०/३/१४ | मुवाखोला सिचाँई याजना | कडा चट्टान खन्ने | २१८.३३ घ.मि. | ६७९/८० | १०१९/७० | ३३९/९० | ७४२१०/३७ | ६६७८९/३३ |
| व.शी.नं.३६५०१६३ | | | | | | | | |
| भौ.नं. | | | | | | | | |
| १७/२०७०/३/१७ | गोरुवाले तिम्बु पोखरी पर्यटकीय सडक | पहिरो सफ ागर्ने | ८०७.७५ घ.मि. | | | | | |
| | | कडा माटो र ७०% दरमा भूक्तानी भएको | ५६५.४३ घ.मि. | १३५/९६ | ६७९/८० | ५४३/८४ | ३०७५०३/४५ | २६१३७७/९३ |
| | | मध्यम चट्टान ३०% को दरमा भूक्तानी भएको | २४२.३२ घ.मि. | १३५/९६ | २०३/९४ | ६७/९८ | १६४७२/९१ | १४००१/९८ |
| | | | | | | | | ५७१९९४/७४ |

नर्म्समा भएको भन्दा बढी दर कायम गरी लागत अनुमान तयार गरेको प्रमुख कारणमा डोलिडारको नर्म्स प्रयोग नगरी निर्माण तथा यातायात मन्त्रालयको पुरानो नर्म्स प्रयोग गरेको र पहिरो सफा गर्ने कार्यलाई खन्ने कार्यको नर्म्स प्रयोग गरेको देखिन्छ । लागत अुनमान बढी भएबाट भूक्तानी बढी हुन गई व्यवसायमा असर परेको देखियो । स्वीकृत नर्म्स भन्दा बढी भूक्तानी भएको रकम रु५७१९९४/७४ असूल हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** असूलीको लागी कारवाही भैरहेको जवाफ प्राप्त भएको छ ।

२७. **जिन्सी व्यवस्थापन -** स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारीले बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्नुपर्ने हुन्छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्रप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान ६ महिना भित्र मर्मत संभार गर्नुपर्ने भए सो को लागी बजेट व्यवस्था गरी ३ महिनाभित्र गरिसक्नुपर्ने व्यवस्था छ ।

कार्यालयको अर्थिक वर्ष ०६९/७० को जिन्सी निरीक्षण प्रतिवेदन र केही जिन्सी समानको जिन्सी खाता एवं भौतिक परिक्षण गर्दा जिन्सी सामानको निम्न अवस्था रहेको पाइयो ।

| क्र. सं. | जिन्सी सामान | मौजदातको स्थिति | उपयोगको संख्या | लिलाम वा मर्मत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्यामेरा डिजिटल | १३ | १२ | १ | |
| २ | टेवल पंखा | ३ | २ | १ | |
| ३ | गाडी | ४ | ३ | १ | |
| ४ | कम्प्युटर/प्रिन्टर | ९ | ८ | १ | |
| ५ | जेनेरेटर | १ | - | १ | |
| ६ | मोटरसाइकल | ५ | ३ | २ | |
| ७ | ल्यापटप कम्प्युटर | १२ | ११ | १ | |
| ८ | एल.जी. फ्रिज | १ | १ | - | |
| ९ | इन्भर्टर | ३ | २ | १ | |
| १० | लेजर जेट प्रिन्टर | २ | १ | १ | |

चालु हालतमा नरहेका विभिन्न सामानहरु मर्मत, मिन्हा वा लिलाम गर्नुपर्ने भए स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० को कार्यविधि पूरा गरी भण्डार व्यवस्थापनलाई चुस्त पार्नु पर्ने देखिन्छ ।

भौतिक परिक्षण गर्दा प्राप्त भएका केही जिन्सी समानहरुको मूल्य खुलाई राखेको देखिएन । नियमानुसार मूल्य खुलाई आम्दानी बाँध्नु पर्ने देखिन्छ । कार्यालयका कोठाहरुमा प्रयोगमा रहेका जिन्सी लगायतका सामाग्रीहरुलाई सांकेतिक नंबर एवं कोठामा भएका सामग्रीको विवरण कोठा कोठामा तयार गरी राख्नुपर्ने देखिन्छ । सामानहरुलाई व्यवस्थीत गरी राख्ने र काम नलाग्ने तथ्य मूल्य नखुलेका सामानहरुको लिलाम भण्डार व्यवस्थालाई छरितो पार्ने तथ्य सरकारी समाग्रीको हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान दिनुपर्दछ ।

**कार्यालयको जवाफ –** आगामी वर्षहरुमा चुस्त र दुरुस्त पार्दै लगिने जवाफ प्राप्त भएको छ ।

२८. **चौमासिक खर्च/आषाढ महिनाको खर्च -** स्वीकृत कार्यक्रम र बजेट वर्ष भरी संचालन गर्नका लागि व्यवस्था भएको देखिन्छ । कार्यलयले उपलब्ध गराएको विवरणअनुसार कार्यालय केन्द्रीत बजेटको केही शिर्षकको चौमासिक खर्च र आषाढ महिनाको मात्र खर्चको स्थिति :-

| सि.नं. | बजेट उ.शी.नं. | कुल खर्च | चौमासिक खर्च | | | तेस्रो चौमासिक खर्चको प्रतिशत | आषाढ महिनाको खर्च | आषाढको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | द्वितीय | तृतीय | | | |
| १ | ३६५८०१३ | २८९२८३६१/१० | ५४५१०१० | ६२९७७९९ | १७१७९५५२/२ | ५९.३९ | ८८९९१७३/३० | ३०.७६ |
| २ | ३६५८०२३ | ६१५००००० /- | ६६८४६००/- | ३८०४९०९११/- | १६३२४४८९/- | २६.५४ | १९९५४२८२/- | ३२.४५ |
| ३ | ३६५८०८३ | ६४७३०६४/- | - | ४४०३९/- | ६४२९०२५/- | ९९.३२ | ४४७००१२/- | ६९.०५ |
| ४ | ३६५८०९३ | ६०४२०००/- | – | १२६४८७/- | ५९१५५१३/- | ९७.९ | ३६६७०८०/- | ६०.६९ |
| ५ | ३६५८०४३ | ४६६३९६२/- | - | ९७६५४९/- | ३६८७४१३/- | ७९.०६ | २७८५८९७/- | ५९.७३ |
| ६ | ३६५८०६३ | २४२६००/- | - | - | २४२६००/- | १०० | १३१३००/- | ५४.१२ |
| ७ | ३६५८१९३ | १७५७२१२५/- | २३८२४००/- | ३४११५०/- | १४८४८५७५/- | ८४.५ | १२३७५८००/- | ७०.४२ |
| ८ | ३४३१०१३ | ६१२०००/- | - | - | ६१२०००/- | १०० | ३२७४००/- | ५३.५ |
| ९ | ३६५८०८ ४ | १७९४२९०/- | - | - | १७९४२९०/- | १०० | १७९४२९०/- | १०० |
| १० | ३६५०१६३ | १७८०६३५/- | - | - | १७८०६३५/- | १०० | १५६५६६५/- | ८७.९ |
| | | १८७८६६०३७.०० | १४५१८०१०.०० | ४५८३५११५.०० | १२७५१२९१२.०० | ६७.८७ | ५५९७०८९९.३ | ४३.१८ |

वार्षिक खर्च रु ज्ञडठडटटण्घठाण्ण मध्ये तेस्रो चौमासिकमा १२७५१२९१२.०० खर्च भएक्ो छ भने आषाढ महिनामा मात्र रु ५५९७०८९९.३ खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः टठाड र ४३.१८ रहेको छ । तेस्रो चौमासिक आषाढ महिनामा विनियोजित रकमको ठूला अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो वजेट गर्ने अख्तियारी प्राप्त भएको अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनाम बढी खर्च भएको देखिन्छ । वर्ष भरिलाई स्वीकृत भएको वार्षिक कार्यक्रम तथा वजेट तेस्रो चौमासिक तथा अषाढ मसान्तमा अत्याधिक खर्च हुने र अन्य चौमासिक तथा अन्य महिनामा खर्च तथा कार्यक्रम संचालन नहुँदा प्रभावकारी कार्यान्वयनमा असर पर्ने दखिन्छ । वजेट खर्च तथा कार्यक्रम संचालन गर्दा वषान्तमा अत्याधिक खर्च गरी कार्यक्रम संचालन गर्ने कार्यलाई नियन्त्रण गरी चौमासिक गत समानुपातिक रुपमा खर्च तथा कार्यक्रम संचालन गरी योजना तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** कतिपय अख्तियारी दोस्रो र तेस्रो चौमासिकमा प्राप्त हुने भएकोले अषाढ महिनामा वढी खर्च देखिन गएको जवाफ प्राप्त भएको छ ।

२९. **सामाजिक सुरक्षा भत्ता वितरण :-** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस जिल्ला भित्रका गा.वि.स.मा बसोवास गर्ने सामाजिक असहाय, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित, एकल महिलाहरुको राज्य तर्फबाट समाजिक सुरक्षा कार्यक्रम अन्तर्गत वितरित भत्ता/ वृत्ति सामाजिक सुरक्षा कार्यविधि २०६९ अनुसार भएको पाइएन।

- सामाजिक सुरक्षा संचालन कार्यविधि, २०६९ को बुँदा नं. १३(१) मा भत्ता/वृत्ति भूक्तानी व्यवस्था अन्तर्गत गा.वि.स./न.पा.ले अघिल्लो किस्ताबाट वितरण गरेको अनुसूचि ९ बमोजिम प्रगति विवरण र भूक्तानी भरपाइको एक प्रति प्राप्त भएपछि जिल्ला विकास समितिको कार्यालयले सम्बन्धित गा.वि.स./नपा को खातामा १५ दिनभित्रमा निकासा दिनुपर्नेछ भन्ने व्यवसथा उल्लेख भएको र बुँदा ९(३) मा गा.वि.स./नपाको सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता वृत्ति रकम परिचयपत्र प्राप्त गरेका सम्बन्धित व्यक्तिलाइ आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशैं पूर्व आश्विन १ गते दोस्रो चौमासिकमा सहिद सप्ताहको समयमा माघ १२ गते र तेस्रो चौमासिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन ज्येष्ठ १५ गते भूक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । यस वर्ष कार्यालयले सामाजिक सुरक्षा वापतको रकम निकासा दिँदा कार्यविधिमा रहेको व्यवस्थाको पालना भएको देखिएन । तोकिएको समयमा भत्ता/वृत्ति रकम वितरण हुन नसक्नुमा केन्द्रवाट नै समयमा रकम निकासा नहुनु प्रमुख कारण रहेको छ । जसले गर्दा लक्षित उद्देश्यले भत्ता/वृत्ति गर्न खोजिएको हो

भन्ने सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय रकम सम्बन्धमा पूर्वानुमान गरी ढुक्क सँग वस्न नसक्ने सिर्जना हुन जाने अवस्था दखिन्छ ।समयमै वजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ ।

- समाजिक सुरक्षा सँचालन कार्यविधि २०६९ को वुँदा नं. १३(६) (क) मा तोकिएको दिनहरुमा प्रत्येक गा.वि.स. ⁄न.पा. मा भत्ता⁄वृत्ति वितरण गर्दा वडा नागरीक मञ्च तथा स्थानिय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरि एक एक प्रति लेखापरिक्षणको लागि भरपाई सँग संलग्न गरि राख्नुपर्ने उल्लेख गरेको छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता भूक्तानी गरी पेश्की फछ्र्यौट गरेका ४१ गा.वि.स. मध्ये ८ गा.वि.स.को स्रेस्ता परिक्षण गर्दा स्रेस्ता साथ उक्त मुचुल्का संलग्न गरेको पाइएन । कार्यविधिमा उल्लेख गरे बमोजिमको मुचुल्का नभएका कारण रकम बुझ्केका भरपाई संलग्न भएपनि सम्बिन्धित व्यक्तिले नै बुझ्केको हुन सक्ने आधार रहेन । तसर्थ कायविधिमा उल्लेख भए बमोजिमको काम कारवाही गर्नुपर्ने देखिन्छ ।

- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को बुँदा १३(२) मा गा.वि.स. ⁄न.पा. को सचिवले यस कार्यक्रम वापत भत्ता⁄वृत्ति रकम सम्बन्धित व्यक्तिलाई तेस्रो चौमासिक किस्ता नेपाल गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन ज्येष्ठ १५ गते भूक्तानी दिनुपर्ने व्यवस्था र १३ (६) (घ) मा प्रत्येक चौमासिकमा भूक्तानी गरेको रकमको भरपाई भूक्तानी गरेको रकमको भरपाई भूक्तानी गरेको १५ दिनभित्र पेश्की फछ्र्यौटको लागि जि.वि.स.मा पठाउने व्यवस्था छ । साथै १३(६) (ख) मा एक आ.व.को रकम अर्को आ.व.मा दिन नमिल्ने व्यवस्था गरेको छ । ४१ गा.वि.स. मध्ये ८ गा.वि.स. को पेश्की र पेश्की फछ्र्यौटको स्रेस्ता परीक्षण गर्दा कार्यविधि को समय सीमा भित्र पेश्की फछ्र्यौट गरेको पाइएन⁄यस कार्यालयले कुल पेश्की रु ६०२४९६००⁄-मध्ये तेस्रो चौमासिक सम्ममा रु ४,६५,००,०००⁄-फछ्र्यौट गरी बाँकी पेश्की रु १३७४९६००⁄- रहेको देखियो । यसरी कार्यविधिले व्यवस्था गरे अनूरुप पेश्की फछ्र्यौट नगर्दा एक आ.व.मा फछ्र्यौट हुन नसक्नाको कारण समयामा अख्तियारी नआउनु र निकासा नहुनु नै हो । तसर्थ मन्त्रालयले समयमै अख्तियारी पठाउन पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ –**आगामी दिनमा सुधार गरिने जवाफ प्राप्त भएको छ ।

३०. **योजना हस्तान्तरण -** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको निर्माण कार्य सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामीत्व उपभोत्ता समितिलाई नै हस्तान्तरण गुर्न पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित कर्यक्रम मध्ये निम्नानुसारको योजना सम्पन्न भई हस्तान्तरण नभएको देखिन्छ

| सि.नं. | योजनाको नाम | संचालन योजना संख्या | सम्पनन योजना | सम्पन्न नभएको योजना | सम्पन्न मध्ये हस्तारण भएका | हस्तान्तरण हुन बाँकी |
|---|---|---|---|---|---|---|
| १ | ग्रामीन खानेपानी तथ्य सरसफाई आयोजना (३६५८०४३) | ५ | ५ | | ३ | २ |
| २ | जनसहभागितामा आधारित विकास कार्यक्रम (३६५८१२३) | १० | १० | | ३ | ७ |
| ३ | जि.वि.स. पूँजिगत अनुदान (३६५८०१३) | ४ | ४ | | १ | २ |

आर्थिक वर्षको अन्यसम्म लक्षित योजनाहरु सम्पन्न भई लाभग्रही समूहलाई योजना हस्तान्तरण हुन नसक्दा उक्त योजनाहरुको मर्मत संभार रेखदेख तथा स्वामीत्व जिम्मेवारी कसले लिने भन्ने सम्बन्धमा विवाद हुने अवस्था देखिन्छ । सम्पन्न योजनाको मर्मत संमार रेखदेखमा जिम्मेवार बनाई योजनाको दिगोपन स्थापीत गर्नुपर्दछ ।

**कार्यालयको जवाफ –** हस्तान्तरणको प्रक्रिया अगाडि वढाइएको जवाफ प्राप्त भएको छ ।

३१. **पटके निकासा तथा अख्तियारी ढिला -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ (२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यलयमा पठाउनु पर्ने व्यवस्था छ । निम्न कार्यक्रम तथ्य अख्तियारी निम्नानुसार पठाएकोले समयमा खर्चको अख्तियारी पठाएको देखिएन

| व.उ.शी.न. | कार्यक्रम | पठाएको मिति |
|---|---|---|
| ३४३१०१३ | राष्टिय पूर्वा परिचालन | ०७० /२/२३ |
| ३६५०१५३ | सामाजिक सुरक्षा | ०७०/२ /९ |
| ३६५०१५३ | सामाजिक सुरक्षा | ०७० /३/११ |
| ३०८१०९३ | रोयल्टी व्यवस्थापन | ०६९ /११/११ |
| ३६५८०९३ | झोलुङ्गे पुल | ०७० /१/२० |
| ३६५८१९३ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | ०७० /१/१५ |

सरी अख्तियारी एक पटक नआई पटक पटक आउनुमा सम्बन्धित कार्यक्रममा वर्ष भरीमा के कति खर्च हुन्छ भन्ने कुराको यकिन हुन नसक्नु यसको मुख्य कारण हो । अख्तियारी पटके रुपमा पठाउँदा लक्षित वर्गलाई समयमा सेवा नपुग्न र योजनाहरु पनि समयमा सम्पन्न हुन सक्ने आधार देखिएन । यसरी नेपाल सरकारको निती, कार्यक्रम र समय तालमेल नखाएको देखिएकोले यसलाई सुधार गर्नुपर्ने देखिन्छ । अख्तियारी ढिलो पठाउदा रकम निकासा पनि ढिलो हुने हुँदा लक्षित वर्गलाई सेवा नपुगी रकम फ्रिज हुने सम्भावना रहन सक्छ । अख्तियारी तथा कार्यक्रम समयमा पठाउनु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ –** जवाफ प्राप्त नभएको ।

३२. **आन्तरीक नियन्त्रण व्यवस्था –** स्थानिय निकाय अर्थिक प्रशासन नियमावलीले व्यवस्था गरे वमोजिमको कार्महरुको कार्यान्वयन हुनपर्ने व्यवस्था छ । कार्यालयले निम्न व्यवस्थाहरुको कार्यान्वयन गरकरेको देखिएन ।

- मुल्य नखुलेका पुराना समानको मूल्य कायम गराराखेको
- समयमा नै पेश्की फछ्र्यौट हुने गरेको
- कार्यालयको निरिक्षण पुस्तिकामा उल्लेखित व्यहोराको कारवाही गरेको ।
- कार्यालय / आयेजनाले उद्देश्य प्राप्तीमा आईपर्ने जोखिमहरु पहिचान गरेको ।
- मातहतका कार्यालय निरीक्षण गरेको ।

नियममा व्यवस्था भएको विषयहरुको परिपालना नगर्नुको कारण नियममा भएको व्यवस्थालाई कार्यान्वयन नगर्नु हो । नियममा भएको व्यवस्थामा रहेको विषयहरुको परीपालना नगर्दा आन्तरिक नियन्त्रण प्रणालीमा असर पर्ने देखिन्छ । नियममा भएको उक्त व्यवस्थाहरुको कार्यान्वयन हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** आगामी दिन बाट सुधार गरिने जवाफ प्राप्त भएको छ ।

३३. **पाईप खरीद तथ्य अपयोगको स्थिती :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१२ मा स्थानिय निकायमा रहेको र खरीद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मुल्य समेल खुलात मालसमान प्राप्त भएको मितिले ७ दिन भित्र जिन्सी कितावमा आम्दानी वाँधी लगत तयार गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले जिन्सी अभिलेखमा रहेको ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमको पाइप भौजदात रहेकोमा मुल्य नखुलेको र गत विगत वर्ष देखि मौज्दात रहेको पाइपहरु हालसम्म उपयोग नभई रहिरहेको देखियो ।

| ०६८ /६९ मा खरीद | ०६९/०७० मा खरिद | जम्मा | ०६९/०७० मा उपभोग | बाँकी |
|---|---|---|---|---|
| २८८६१ मी. | ३२३८७ मी | ६१२४८ मी | २९७४६ मी | ३१५०२ मी |

**कार्यालयको जवाफ –** हाल सम्म वितरण भइसकेको जवाफ प्राप्त भएको छ ।

३४. **आन्तरिक लेखापरीक्षण वेरुजू** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ अनुसार आन्तरीक लेखापरीक्षणबाट निस्केका वेरुजु वा त्रुटी अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी त्यसको प्रमाण सम्बन्धित लेखासंग संलग्न गरी लेखा अध्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ । आन्तरीक लेखापरीक्षणबाट देखिएका निम्न व्यहोराहरु फछ्यौट हुन बाँकी देखिएकोले नियमानुसार फछ्यौट हुनुपर्ने ।

**व.शी.नं. ३६५८१९३ तर्फ**

३५. बैकल्पिक उर्जा विकास केन्द्र पाँचथरले सामाजिक परिचालन कार्यक्रम संचालन गर्दा चाहिने कार्यालय सामान खरीद गरेवापत निम्न रिजाल प्रेस एण्ड स्टेशनरी फिदिम १लाई आयकर ऐन २०५८ अनुसार १.५% अग्रीम आयकर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी भएको रकम रु ६०७६९/- को १.५% लेहुने रकम रु ९१२।०० असूल हुनु पर्दछ ।

**कार्यालयको जवाफ –** असुली कारवाही अगाडी वढाइएको जवाफ प्राप्त भएको छ ।

३६. **वेरुजु कार्यान्वयन** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम २०४ मा वेरुजु फछ्यौट गर्ने गराउने सम्बन्धि व्यवस्था छ । आ.व. २०६८/६९ म.ले.प. प्रतिवेदन २०६९ सम्म केन्द्र तर्फको बेरुजु बाँकी रु १८४५६७०१/- र कोष तर्फको वेरुजु बाँकी रु ११७६०९१२/- समेत जम्मा रु ३०२१७९१३/- फछ्यौट हुन बाँकी रहेको देखिन्छ । वेरुजु फछ्यौट नहुँदा आर्थिक अनुशासनमा असर पर्ने देखिन्छ । नियममा व्यवस्था भएअनुसारको प्रक्रिया पुरा गरी वेरुजु फछ्यौट हुनुपर्दछ ।

**कार्यालयको जवाफ –**फछ्यौटको प्रक्रियामा रहेको जवाफ प्राप्त भएको छ ।

३७. **पेश्की बाँकी -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्यौट गर्ने व्यवस्था छ । यो वर्ष गएको पेश्की रकम आ.व. को अन्त्यसम्म रु १,४७,८९,६००/ फछ्यौट भएको छैन ।

पेश्की फछ्यौट नहुनुमा फाँटवारी प्रापत हुन बाँकी रहेको कारण देखिन्छ । आर्थिक वर्षको अन्त्य सम्म पेश्की बाँकी रहँदा स्रेस्ता नियमित गर्ने कार्यमा असर पर्ने देखिन्छ । रु १,४७,८९,६००/ को-नियममा व्यवस्था भएअनुसार समयमा पेश्की फछ्यौट हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** कार्यालयमा पेश्कि फछ्यौट भइरहेको जवाफ प्राप्त भएको छ ।

३८. **स्थलगत अवलोकन -** लेखापरिक्षणको क्रममा प्राविधिक कर्मचारी सहितको टोलीले केही योजनाहरु स्थलगत अवलोकन गर्दा निम्न व्यहोरा देखिएको छ ।

१. सा‌म्दिन-चोकमागु-नवमीडाँडा-पञ्चमी कृषि सडक योजनामा स्थलगत अवलोकन गर्दा कच्ची सडकको विभिन्न स्थानमा नाली नभएकोले सडकमा पानी बगीरहेकोले सडक विग्रिरहेको देखिन्छ । सडक निर्माण कार्यमा नयाँट्र्याक खोल्ने कार्य भन्दा ट्र्याक खोलीसकेका सडकहरुमा बजेट विनियोजन गरी नियमित यातायात चल्न सक्ने गरी निर्माण कार्य गराउने तर्फ जोड दिनुपर्ने देखिन्छ ।



२. जोरकुलो सिरान कुलो सिचाई याजनाको कुलो निर्माण कार्य उपभोक्ताबाट गत विगत वर्षवाट निर्माण कार्य भइरहेकोमा स्थलगत अवलोकन गर्दा यो समेत निर्माण कार्य भइरहेको देखियो । गत वर्ष निर्माण भएको कुलोको केही स्थानका स्ल्याव ढलान विग्रिएको देखिएकोले सुधार हुनुपर्ने र निर्माण कार्य समयमा सम्पन्न गरी सिँचाई सुविधा समयमा उपलव्ध हुनुपर्दछ ।

**कार्यालयको जवाफ –** कार्यान्वयनमा ल्याइने जवाफ प्राप्त भएको छ ।

**जिल्ला उर्जा तथा वातावरण शाखा**

| गत वर्षको मौजदात | यस वर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|
| १००७८९६४ | ६७०५२३४ | १६७८४१९८ | १३६९२६७१ | ३०९१५२७ |

३९. **लेखापरीक्षकको राय** – हाम्रो रायमा लेखापरीक्षणबाट देखिएका उपरोक्त व्यहोराले वित्तीय विवरणमा सारभूत रुपमा असर पार्ने बाहेक जिल्ला विकास समितिको कार्यालय, पाँचथरको वित्तीय विवरणले ३१ आषाढ २०७० को आर्थिक स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाले नेपाल सरकार र स्थानीय निकायको लेखा पद्धति र नीति अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
नायब महालेखा परीक्षक

**अनुसूची–१**

# एकीकृत आय-व्यय विवरण

## आ.व.२०६९/७०

| आयतर्फ | | | रकम |
|---|---|---|---|
| सि.नं. | **यस वर्षको आय** | | |
| १ | **गत आ.व.को जिम्मेवारी** | | १५५७७०२०।५१ |
| | क) जि.वि.स.कोष तर्फ | ७३१०९५६।७५ | |
| | ख) कर्मचारी कल्याण कोष | ११०३७९३।७१ | |
| | ग) धरौटी | २६०६३९२।१७ | |
| | ’) यूनिसेफ खर्च | २३९८८८५।०० | |
| | च) यूनिसेफ फण्ड | १७३५।०० | |
| | छ) विशेष कोष | १६७६०००।०० | |
| | ज) सिमएन कोष स्थापना | १८९५०६।०० | |
| | झ) सि.ए.ए. ४१५३ | २८९७५१।८८ | |
| २ | **नेपाल सरकारको अनूदान** | | ९०४२८३६१।२० |
| | क) जि.वि.स.अनूदानचालू□पुजीगत | २८९२८३६१।२० | |
| | ग) गा.वि.स.अनूदान चालू□पुजीगत | ६१५०००००।०० | |
| ३ | **आन्तरिक श्रोत तर्फ** | | १६९१७०३३।१० |
| | र्क कर,दस्तूर,सेवा शूल्क,भाडा | ७८७००३२।१० | |
| | ख) राजश्व बांडफांड | ९०४७००१।०० | |
| ४ | **अन्य श्रोत तर्फ** | | ३३१२७९६०।३१ |
| | क) कर्मचारी कल्याण कोष | १५०००००।०० | |
| | ख) सि.ए.ए. | ७७५६२३।१५ | |
| | ग) सिम.एन.कोष | २८०००८५।१६ | |
| | घ) विशेष कोष | ५०५०००।०० | |
| | ङ) सडक बोर्ड | १२६१८४९।०० | |
| | च) युनिसेफ | १७४८४९०।०० | |
| | छ) युनिसेफ फण्ड | २४४७८०७१।०० | |
| | ज) झो.पु.म्याचफण्ड | ५८८४२।०० | |
| ५ | **धरौटी** | ३५६७०२९।०० | ३५६७०२९।०० |
| ६ | **केन्द्रिय वजेट तर्फ निकासा** | | ११०५१२१७८।०० |
| | क) एल.जि.सी.डी.पी.कार्यक्रम | १७५७२१२५।०० | |
| | ख) स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ६४७३०६४।०० | |
| | ग) ग्रामीण खानेपानी तथा सरसफाई | ४६६३९६२।०० | |
| | घ) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६०४२०००।०० | |
| | ङ) जन सहभागीतामा आधारित विकास कार्यक्रम | ६१३२११६।०० | |
| | च) रोयल्टि व्यवस्थापन तथा वितरण | ६२०००।०० | |
| | छ) स्थानीय पुर्वाधार साना सिचाई | १७८०६३५।०० | |
| | ज) सार्वजनिक निर्माण | १७९४२९०।०० | |
| | झ) सामाजिक सुरक्षा कार्यक्रम | ६४५७६८००।०० | |
| | ञ) युवा साझेदारी कार्यक्रम | ६१२०००।०० | |
| | ट) संचित विदा | २२९६७४।०० | |

| | | | |
|---|---|---|---|
| | ठ) औषधि उपचार | ३३०९१२।०० | |
| | ड) उपेक्षित उत्पीडीत दलित वर्ग | २४२६००।०० | |
| | **जम्मा** | २७०१२९५८२।१२ | २७०१२९५८२।१२ |

| व्यय तर्फ | | रकम |
|---|---|---|
| **यस वर्षको खर्च** | | |
| **१) जि.वि.स.कोष तर्फ** | | १०७३३७२५।०० |
| क) चालू तर्फ | २२९९६५६।०० | |
| ख) पुजीगत तर्फ | ८४३४०६९।०० | |
| **२) नेपाल सरकारको अनूदान** | | ९०४२८३६१।२० |
| क) जि.वि.स.अनूदान चालू□पुजीगत | २८९२८३६१।२० | |
| ख) गा.वि.स.अनूदान चालू□पुजीगत तर्फ | ६१५०००००।०० | |
| **३) अन्य श्रोत तर्फ** | | ३४३२८३४२।०० |
| क) कर्मचारी कल्याण कोष | १९९७९७७।०० | |
| ख) सडक बोर्ड | १२६१८४९।०० | |
| ग) सिम एन कोष | २०३८०७२।०० | |
| घ) सि.ए.ए. | ६१४५००।०० | |
| ङ) युनिसेफ | ३९४४७४६।०० | |
| च) युनिसेफ फण्ड | २४१४०७५६।०० | |
| छ) विशेष कोष स्थापना | २७१६००।०० | |
| ड) झो.पु.म्याचफण्ड रानिटार,आङना | ५८८४२।०० | |
| **४) धरौटी** | ३४१८२३३।०० | ३४१८२३३।०० |
| **५) केन्द्रिय वजेटको कूल खर्च** | | ११०५१२१७८।०० |
| क) एल.जि.सी.डी.पी.कार्यक्रम | १७५७२१२५।०० | |
| ख) स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ६४७३०६४।०० | |
| ग) ग्रामीण खानेपानी तथा सरसफाई | ४६६३९६२।०० | |
| घ) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६०४२०००।०० | |
| ङ) जन सहभागीतामा आधारित विकास कार्यक्रम | ६१३२११६।०० | |
| च) रोयल्टि व्यवस्थापन तथा वितरण | ६२०००।०० | |
| छ) स्थानीय पुर्वाधार साना सिचाई | १७८०६३५।०० | |
| ड) उपेक्षित उत्पीडीत दलित वर्ग | २४२६००।०० | |
| ज) सार्वजनिक निर्माण | १७९४२९०।०० | |
| झ) सामाजिक सुरक्षा कार्यक्रम | ६४५७६८००।०० | |
| ञ) युवा साझेदारी कार्यक्रम | ६१२०००।०० | |
| ट) संचित विदा | २२९६७४।०० | |
| ठ) औषधि उपचार | ३३०९१२।०० | |
| **छ) आगामी वर्षको लागी जिम्मेवारी** | | २०७०८७४२।९२ |
| क) जि.वि.स.कोष तर्फ | १३४९४२६४।८५ | |
| ख) कर्मचारी कल्याण कोष ४००५ | ६०५८१६।७१ | |
| ग) धरौटी ग ३–१ | २७५५१८८।१७ | |
| घ) सिम एन.कोष ४१५१ | ९५१५१९।१६ | |
| ङ) विशेष कोष स्थापना (विभिन्न) | ११०९४००।०० | |
| च) युनिसेफ फण्ड ग ४–५–१ | ३३९०५०।०० | |

| | | |
|---|---|---|
| छ) सि.ए.ए. ४१५३ | ४५०८७५।०३ | |
| ज) युनिसेफ जि.वि.स. ग ५–८–१ | २०२६२९।०० | |
| | २७०१२९५८२।१२ | २७०१२९५८२।१२ |

**अनुसूची –२**

(दफा ३६ संग सम्वन्धित)

**पेशिक वांकी विवरण**

| व.शी.नं. | पेश्की गएको मिति | नाम | रकम |
|---|---|---|---|
| ३६५८०९३ | २०६९/१२/३० | भोर्लेनी झो.पु. निर्माण उ.स. | २००,०००/- |
| | २०७०/१/२ | असिने ट्रस पुल निर्माण | १००,०००/- |
| | २०७०/१/१९ | सुलिबुङ झो.पु. निर्माण | २४०,०००/- |
| | २०७०/१/२२ | सोमवारे झो.पु. निर्माण | ३००,०००/- |
| | २०७०/१/२६ | वरडाँडा झो.पुं निर्माण उ.स. | २००,०००/- |
| ३६५०१५३ | २०७०/३/२० | १) थर्पु  गा.वि.स. | ९७१२००/- |
| | २०७०/३/२० | २) एकतिन गा.वि.स. | १६०००/- |
| | २०७०/३/२० | ३) पंचमी गा.वि.स. | १३३६०० /- |
| | २०७०/३/२० | ४) वलने गा.वि.स. | १६४००/- |
| | २०७०/३/२० | ५) फलैंचा गा.वि.स. | ८२०००/- |
| | २०७०/३/२० | ६) सराङडाँडा गा.वि.स. | १००००/- |
| | २०७०/३/२० | ७) यासोक गा.वि.स. | ६७१६००/- |
| | २०७०/३/२० | ८) रानिटार गा.वि.स. | ७०४४००/- |
| | २०७०/३/२० | ०९) नागीन गा.वि.स. | १५०२४००/- |
| | २०७०/३/२० | १०) ओयाम गा.वि.स. | ४७२४००/- |
| | २०७०/३/२० | ११) नागी गा.वि.स. | ८४०००/- |
| | २०७०/३/२० | १२) सुभाङ गा.वि.स. | ७७६०००/- |
| | २०७०/३/२० | १३) माङजाबुङ गा.वि.स. | ४३८८००/- |
| | २०७०/३/२० | १४) मौवा गा.वि.स. | ६३८०००/- |
| | २०७०/३/२० | १५) लुङरुपा गा.वि.स. | ८८५६००/- |
| | २०७०/३/२० | १६) लुम्फाबुङ गा.वि.स. | ३१७६००/- |
| | २०७०/३/२० | १७) लिम्बा गा.वि.स. | ६०००/- |
| | २०७०/३/२० | १८) रानिगाउँ गा.वि.स. | ८६४४०० /- |
| | २०७०/३/२० | १९) अमरपुर गा.वि.स. | ८०००/- |
| | २०७०/३/२० | २०) च्याङथापु गा.वि.स. | ३२६८००/- |
| | २०७०/३/२० | २१) फात्तेप गा.वि.स. | ६०१२००/- |
| | २०७०/३/२० | २२) आङना गा.वि.स. | ४८८८००/- |
| | २०७०/३/२० | २३) स्यावरुम्बा गा.वि.स. | ५०१२००/- |
| | २०७०/३/२० | २४) नवमीडाँडा गा.वि.स. | ६०८८००/- |
| | २०७०/३/२० | २५) भारापा गा.वि.स. | ६५९२००/- |
| | २०७०/३/२० | २६) दुर्दिम्बा गा.वि.स. | ६०००/- |
| | २०७०/३/२० | २७) सिदिन गा.वि.स. | १४४९२००/- |
| | २०७०/३/२० | २८) प्राङबुङ गा.वि.स. | ३७८००० /- |
| | २०७०/३/२० | २९) फिदिम गा.वि.स. | १२४८००/- |
| | | ३०) चोकमागु गा.वि.स. | ७२००/- |
| | | कुल जम्मा | १,४७,८९,६००/- |